प्रति साधारण शेयर रु.१००/- अंकित दरको १,३५,९२,५९२ कित्ता हकप्रद साधारण शेयरको निष्काशन

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु.१००/- प्रति शेयरको दरले

नागरिक लगानी कोष
Citizen Investment Trust

("संघीय संसदबाट पारित भए बमोजिम काम कारोबार गर्ने गरी इजाजत प्राप्त संस्था")
केन्द्रीय कार्यालयः नयाँबानेश्वर, काठमाण्डौ, पो.ब.नं. ५८२३
फोन नं.: ०१४७८५३१९, ४७८५३२१, ४७८५३२५, फ्याक्स नं.: ९७७-१-४७८४९४५
इमेलः cit.cmkt@gmail.com, वेबसाइटः :www.nlk.org.np

हकप्रद शेयरको बिक्री खुल्ला अवधिः
निष्काशन खुल्ला मितिः २०७७/०९/२८ गते
निष्काशन बन्द हुने मितिः २०७७/१०/१९ गते
(बैंकिंग समय पश्चात्)

१ कित्ता साधारण शेयर बराबर नयाँ ०.८२८४ कित्ता साधारण शेयरको

हकप्रद शेयर निष्काशन (Rights Issue) सम्बन्धी सूचना

कोषको हाल कायम चुक्ता पूँजी रु.१,६४,०७,४०,८००/- को एक शेयर बराबर नयाँ ०.८२८४ शेयर (१ : ०.८२८४) को अनुपातमा रु.१००/- अंकित दरका १,३५,९२,५९२ कित्ता हकप्रद साधारण शेयर मिति २०७७/०९/१३ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार भई कायम साविक शेयरधनीहरुको लागि निष्काशन गर्नको लागि प्रकाशित गरिएको।

हकप्रद शेयर निष्काशन सम्बन्धमा सामान्य जानकारी

श्री नेपाल धितोपत्र बोर्डबाट हकप्रद शेयर निष्काशन सम्वन्धी व्यवस्था तथा विवरणहरु स्वीकृत भएको मिति २०७७/०९/०२ गते।

१. संगठित संस्थाको नाम : **नागरिक लगानी कोष (Citizen Investment Trust)**

२. संगठित संस्थाको रजिष्टर्ड कार्यालय :

यस कोषको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका १०, नयाँबानेश्वर, काठमाण्डौमा रहेको छ।

३. कारोवार स्थान :

यस कोषले काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका १०, नयाँबानेश्वर, काठमाण्डौ स्थित रजिष्टर्ड कार्यालय मार्फत आफ्नो कारोवार संचालन गर्दै आइरहेको छ। यसको अलवा कोषले हाल मोरङ, विराटनगर र कास्की, पोखरामा शाखा कार्यालयहरु खोली कारोवार सञ्चालन गर्दै आइरहेको छ।

४. संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :

संगठीत संस्थाको संक्षिप्त परिचय : नेपाल सरकारको समेत लगानीमा नागरिक लगानी कोष ऐन, २०४७ अनुसार वि.सं. २०४७ चैत्र ४ गते स्थापना भई वि.सं. २०४८ माघ १ गते देखि कोषले औपचारिक रूपमा कारोबार संचालनमा ल्याएको हो। आर्थिक विकासका लागि सर्वसाधारण जनतालाई बचत गर्न प्रोत्साहित गरी पुँजी वृद्धिका साथ साथै लगानीका अवसरहरु बढाउन तथा पुँजी बजारको विकासमा गतिशीलता ल्याउने प्रमुख उद्देश्य राखेर कोषको स्थापना भएको हो। उक्त उद्देश्य प्राप्तीका लागि कोषले सर्वसाधारण, विभिन्न संगठित संघ-संस्थामा कार्यरत कर्मचारी/कामदार तथा संगठित संघ-संस्थाहरुबाट समेत विभिन्न कार्यक्रम अन्तर्गत बचत संकलन गरी त्यसरी संकलित बचत रकमलाई दक्ष र व्यावसायिक ढंगबाट लगानी प्रबन्ध गर्दै आएको छ। कोषले केन्द्रीय कार्यालय काठमाडौं र शाखा कार्यालय पोखरा र विराटनगरबाट समेत सेवा प्रदान गरिरहेको छ। कोषको शेयरको चुक्ता पुँजी रु.१ अर्ब ६४ करोड ७ लाख ४० हजार आठ सय रहेको छ। कोषले पुँजी बजार सम्बन्धी मर्चेन्ट बैंकरको रूपमा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्य, शेयर रजिष्ट्रारको कार्य र धितोपत्र प्रत्याभुतिको कार्य गर्दै आएको छ। स्वरोजगारमा रहेका र वैदेशिक रोजगारमा रहेका नागरिकहरुलाई समेत लक्षित गरी सामाजिक सुरक्षाको प्रत्याभुती गर्ने उद्धेश्यले कोषले नयाँ कार्यक्रमको रुपमा २०७७ असोजदेखि **नागरिक पेन्सन योजना** अगाडि बढाएको छ। यसमा स्वोरोजगारमा रहेका तथा अन्य स्वआर्जन भएका सर्वसाधारणको उल्लेख्य आर्कषण रहेको देखिन्छ। देशको पुँजीबजारलाई गतिशिल तथा प्रभावकारी बनाउनका लागि कोषले **नागरिक स्टक डिलर कम्पनी लिमिटेड**को स्थापना गरी कार्य संचालन गर्ने प्रक्रियामा रहेको छ।

संगठीत संस्थाको उद्देश्य : **कोषका त्रिकोणीय व्यावसायिक खम्वाहरु :**

क. बचत कार्यक्रम :
- विभिन्न किसिमका योजनाहरु : कर्मचारी बचत बृद्धि अवकाश कोष, उपदान तथा पेन्सन कोष, वीमा कोष आदिको माध्यमबाट लामो अवधिको बचत संकलन गर्ने।
- नागरिक एकांक योजनाको माध्यमबाट देश भित्रका र देश बाहिरका लगानीकर्ताहरुबाट बचत वृद्धि कार्यक्रम संचालनमा ल्याउने।
- लगानीकर्ताहरुको खाता संचालनको माध्यमबाट बचत संकलन गर्ने।
- नागरिक पेन्सन योजना संचालन गरी कोष प्रति सर्वसाधारणलाई आवद्दता मार्फत दीर्घकालिन बचत परिचालन गर्ने।

ख. लगानी व्यवस्थापन :
- संगठीत संस्थाको शेयर, ऋणपत्र तथा सरकारी धितोपत्रमा लगानी गर्ने।
- शेयर खरीद गर्नका लागि कर्जा प्रवाह गर्ने।
- संगठीत संस्थाहरुलाई निश्चित अवधिको ऋण आवश्यक भएमा वित्तीय सहयोग (Bridge Finance) प्रदान गर्ने।
- सहभागीहरुको लागि आवश्यक आवास कर्जा, शैक्षिक कर्जा तथा सरल कर्जा उपलब्ध गराउने।
- बचतबाट प्राप्त रकमलाई उपयुक्त Portfolio बनाई उच्च प्रतिफल प्राप्त हुने गरी लगानी गर्ने।

ग. पुँजी बजार सेवा :
- विभिन्न कोषको न्यासधारी सेवा (Trustee Services) उपलब्ध गराउने
- मूलतः ऋणपत्र (Trustee) न्यासधारी सेवा प्रदान गर्ने।
- संस्थागत वित्तीय सेवा :
  - संगठीत संस्थाहरुको सार्वजनिक निष्काशनको ब्यवस्था गर्ने।
  - सार्वजनिक निष्काशनको लागि प्रस्ताव भएको शेयर बिक्री नभएमा बिक्री प्रत्याभूति (Underwriting) प्रदान गर्ने।
  - सरकारी तथा संगठीत संस्थाका सुरक्षण (Securities) हरुको स्टक डिलरको काम गर्ने।
  - विभिन्न संगठीत संस्थाहरुको पुँजीको स्वरुप (Capital Structure) सेक्यूरिटीजहरुको मूल्य, कम्पनीहरुको Merger, Acquisition, Privatization तथा अन्य सम्बन्धित क्षेत्रमा परामर्श सेवा प्रदान गर्ने।

५. शेयर पूँजीको संरचना :

क) अधिकृत पूँजीः यस कोषको अधिकृत पूँजी रु.८,००,००,००,०००/- (अक्षेरपी आठ अर्व) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा ८,००,००,००० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।

ख) जारी पूँजीः यस कोषको जारी पूँजी रु.८,००,००,००,०००/- (अक्षेरपी आठ अर्व) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/- का दरले ८,००,००,००० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।

ग) चुक्ता पूँजीः हाल यस कोषको चुक्ता पूँजी रु.१,६४,०७,४०,८००/- (अक्षेरपी एक अर्व चौसठ्ठी करोड सात लाख चालिस हजार आठ सय) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/- अंकित मूल्यका १,६४,०७,४०८ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ। यस विवरण मार्फत् हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् कोषको चुक्ता पूँजी रु.३,००,००,००,०००/- (अक्षेरपी तिन अर्व) हुनेछ।

६. हकप्रद शेयर निष्काशन गरि बाँडफाँट गरे पश्चात् हुने कोषको चुक्ता पूँजीको संरचना :

समूह	शेयरधनीहरु	साधारण शेयर कित्ता	पूँजी संरचना (%)	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
क	संस्थापक शेयरधनीहरु	२,४०,००,०००	८०	२,४०,००,००,०००/-	शतप्रतिशत
ख	सर्वसाधारण शेयरधनीहरु (कर्मचारी समेत)	६०,००,०००	२०	६०,००,००,०००/-	शतप्रतिशत
	जम्मा	३,००,००,०००	१००	३,००,००,००,०००/-	शतप्रतिशत

७. सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :

कोषको संचालक समितिमा हाल देहाय बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ :

सि.नं	नाम	पद	ठेगाना	उमेर	शैक्षिक योग्यता	व्यवसायिक अनुभव	प्रतिनिधित्व समूह
१.	प्रा.डा. राम चन्द्र भट्टराई	अध्यक्ष	बुढानिलकण्ठ-१० कपन, काठमाण्डौ	६२ वर्ष	पि.एच.डी.	त्रि.वि.वि.मा प्राध्यापन २७ वर्ष	संस्थापक (नेपाल सरकारबाट मनोनित)
२.	श्री रामेश्वर दंगाल	सदस्य	चागुनारायण-८ भक्तपुर	४७ वर्ष	स्नातकोत्तर	नेपाल सरकारको सेवामा २५ बर्ष	संस्थापक (अर्थमन्त्रालय, पदेन)
३.	श्री कवि प्रसाद पाठक	सदस्य	बुढानिलकण्ठ-१० कपन, काठमाण्डौ	५५ वर्ष	एम.ए. (अर्थशास्त्र), वि.एल.	कृषि विकास बैंक लि.मा ३० वर्षको कार्यानुभव, हाल राष्ट्रिय वीमा संस्थानमा कार्यरत	संस्थापक (राष्ट्रिय विमा संस्थान)
४.	श्री चन्द्र सिंह साउद	सदस्य	सरस्वतीनगर, चावहिल, काठमाण्डौ	५१ वर्ष	एम.वि.एस.	वीमामा २५ वर्षको कार्यनुभव, हाल नेपाल स्टक एक्स्चेन्ज लि.मा कार्यरत	संस्थापक (नेपाल स्टक एक्स्चेन्ज पदेन)
५.	श्री कमलेश कुमार अग्रवाल	सदस्य	न्यू प्लाजा, पुतलिसडक काठमाण्डौं	६२ वर्ष	एम.कम	वीमा तथा बैंकमा १६ वर्ष भन्दा बढीको अनुभव, व्यवसायि संगठनहरुमा १२ वर्ष भन्दा बढीको अनुभव	संस्थापक (बैंक तथा वित्तीय संस्थाहरु मध्येबाट मनोनित)
६.	श्री अशोक बुढाथोकी	सदस्य	ललितपुर-१४, खुमलटार	५६ वर्ष	एमबिएस, एम.ए., बिएस्सी	वित्तीय संस्थामा करिव २५ बर्षको कार्य अनुभव	सर्वसाधारण
७.	डा. गंगाराम बि.क.	सदस्य	कलंकी, काठमाण्डौ	४० वर्ष	पि.एच.डी.	१२ बर्ष प्राध्यापन तथा ब्यवस्थापनको अनुभव	संस्थापक (अर्थमन्त्रालयबाट मनोनित)

प्रमुख कार्यकारी अधिकृतको नाम, ठेगाना शैक्षिक योग्यता तथा अनुभव सम्बन्धी विवरण :

नाम : श्री रमण नेपाल **ठेगाना :** नागरिक लगानी कोष, नयाँबानेश्वर, काठमाण्डौ **योग्यता :** एम.ए. (अर्थशास्त्र) एमफिल (अंग्रेजी) **अनुभव :** नेपाल राष्ट्र बैंकमा ३० बर्षको बैकिङ्ग अनुभव

८. संचालक समितिको बनौट :

यस कोषको ऐनमा भएको व्यवस्था अनुसार ७ जना संचालकहरु रहेको संचालक समिति देहाय बमोजिम गठन हुनेछ:

संस्थापक समूहबाट प्रतिनिधित्व गर्ने	६
सर्वसाधारण समूहबाट प्रतिनिधित्व गर्ने	१
जम्मा	**७ जना**

९. निष्काशन गरिने हकप्रद शेयर संख्या र त्यसको अनुपात :

स्वीकृत विवरण मार्फत हाल कायम चुक्ता पूँजी रु.१,६४,०७,४०,८००/- को एक शेयर बराबर शुन्य दशमलव आठ दुई आठ चार (१ : ०.८२८४) को अनुपातमा साविकका शेयरधनीहरुको लागि रु.१,३५,९२,५९,२००/- बराबरको प्रति शेयर रु.१००/- अंकित दरका १,३५,९२,५९२ कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिनेछ।

१०. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि कोषले हकप्रद शेयर निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मितिसम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको एक शेयर बराबर शुन्य दशमलव आठ दुइ आठ चार (१ : ०.८२८४) को अनुपातमा प्रति शेयर रु.१००/- का दरले हुन आउने एकमुष्ट रकम भुक्तानी गरी आवेदन दिन सक्नेछन्। तर साविक शेयरधनीले चाहेमा आफ्नो कायम हक भन्दा कम हकप्रद शेयरको लागि आवेदन दिन सक्नेछन।

११. साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरीदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको ब्यवस्था अनुसार संचालक समितिले अत्यन्त पारदर्शी तरिका (जस्तै : शिलबन्दी बोलपत्रद्वारा लिलाम बढाबढ) बाट बिक्री गरिनेछ। यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गरिनेछ।

१२. हकप्रद शेयर भए सो को अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :

यस हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने छैन। तर कुनै शेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद शेयर खरीदका लागि आवेदन दिंदा खण्डित शेयर (Fraction Share) मा शेयर संख्या पर्न आएमा नजिकको माथिल्लो शेयर कित्ताको लागि आवेदन दिन सक्नेछ। यसरी माथिल्लो शेयर कित्ताको लागि आवेदन दिने शेयरधनीहरुको हकमा यस हकप्रद शेयर निष्काशनको क्रममा बिक्री नभई बाँकी रहेको शेयरहरुबाट समायोजन गर्ने गरी बाँडफाँट गरिनेछ। यदि यस हकप्रद शेयरको लागि निष्काशन गरिएको सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको पूर्व स्वीकृति लिई कोषको संचालक समितिले माथिल्लो शेयर कित्ता माग गरी दरखास्त दिने शेयरधनीहरुलाई हकप्रद शेयर बाँडफाँट गरिनेछ। यस विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि आफ्नो कायम हक भन्दा बढी हकप्रद शेयरको लागि दरखास्त दिन पाइने छैन। तर, साविक शेयरधनीले आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरीद गर्न आवेदन दिन सक्नेछन् र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरीदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ।

१३. कोषको विगत तथा आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :

वासलात

पूँजी तथा दायित्व	वास्तविक (रु. हजारमा)			*अपरिष्कृत	प्रक्षेपित (रु. हजारमा)		
	आ.ब.२०७३/०७४	आ.ब.२०७४/०७५	आ.ब.२०७५/०७६	आ.ब.२०७६/०७७	आ.ब.२०७७/०७८	आ.ब.२०७८/०७९	आ.ब.२०७९/०८०
१. शेयर पूँजी	६०७,५००	९०३,१२३	१,२६७,८६५	१,७७६,६६७	३,०००,०००	३,३००,०००	३,६३०,०००
२. जगेडा तथा कोषहरु	१,६५९,७८१	१,६०८,८३१	१,७६८,००२	२,३१०,६०२	३,२२९,९३७	४,३००,१७५	५,५७२,१०३
३. ऋणपत्र तथा बण्ड	-	-	-	-	-	-	-
४. तिर्न बाँकी कर्जा सापट	-	-	-	-	-	-	-
५. निक्षेप दायित्व	-	-	-	३,०००,०००	३,१००,०००	३,२५०,०००	३,३५०,०००
६. भुक्तानी दिनु पर्ने बिलहरु	-	-	-	-	-	-	-
७. भुक्तानी दिन बाँकी लाभांश	-	-	-	-	-	-	-
८. आयकर दायित्व	२६८,४२२	२२८,४२२	२०५,७३१	३८६,६३१	३१७,२००	३०७,६६७	३४७,०९१
९. अन्य दायित्व	१,०६८,२२३	२,२५३,६९३	२,७५१,०७८	२,५५६,५६२	४,९१९,३८९	४,७१३,९८१	४,३९५,१८५
कुल दायित्व	३,६०३,९२५	४,९९४,०६९	५,९९२,६७६	१०,०३०,४६१	१४,५६६,५२५	१५,८७१,८२३	१७,२९४,३७९

सम्पत्ति	वास्तविक (रु. हजारमा)			*अपरिष्कृत	प्रक्षेपित (रु. हजारमा)		
	आ.ब.२०७३/०७४	आ.ब.२०७४/०७५	आ.ब.२०७५/०७६	आ.ब.२०७६/०७७	आ.ब.२०७७/०७८	आ.ब.२०७८/०७९	आ.ब.२०७९/०८०
१. नगद मौज्दात	४९,४६९	७३५,२६३	१,१०४,२९१	९००,०००	१,०५०,०००	९७०,०००	९५०,०००
२. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	५३,२६०	१४१,२५२	११२,३२०	१०५,०००	९८,५००	९५,०००	९०,०००
३. बैक/वित्तीय संस्थामा रहेको मौज्दात	-	-	-	-	-	-	-
४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	-	-	-	-	-	-	-
५. लगानी	८४३,९९८	६५१,०३४	५७५,५८८	३,३६५,०००	३,६५०,०००	३,८१०,०००	४,१००,०००
५.१ नागरिक स्टक डिलर	-	-	-	-	२,५५०,०००	२,५५०,०००	२,५५०,०००
६. कर्जा सापट तथा बिल खरीद	३०,२६२	३५,४१४	३१,८८४	३३,०००	३४,५००	३६,०००	३७,५००
७. स्थिर सम्पत्ति	१,२४९,९६१	१,२४४,६३१	१,२४२,७३७	१,८१८,९००	१,९२१,९००	१,९२५,५४४	१,९३१,०२०
८. चालु कर सम्पत्ति	३,९१३	८,२७४	-	-	-	-	-
९. अन्य सम्पत्ति	१,३७३,०६३	२,१७८,२०१	२,९२५,८५७	३,८०८,५६१	५,२६१,६२५	६,४८५,२७९	७,६३५,८५८
कुल सम्पत्ति	३,६०३,९२५	४,९९४,०६९	५,९९२,६७६	१०,०३०,४६१	१४,५६६,५२५	१५,८७१,८२३	१७,२९४,३७९

नाफा-नोक्सान हिसाब

सम्पत्ति	वास्तविक (रु. हजारमा)			*अपरिष्कृत	प्रक्षेपित (रु. हजारमा)		
	आ.ब.२०७३/०७४	आ.ब.२०७४/०७५	आ.ब.२०७५/०७६	आ.ब.२०७६/०७७	आ.ब.२०७७/०७८	आ.ब.२०७८/०७९	आ.ब.२०७९/०८०
१. ब्याज आम्दानी	१३,४५७	१५,४४२	३१,२६२	८२,५००	९४,८७५	१११,९५३	१३४,३४३
२. ब्याज खर्च	-	-	-	-	-	-	-
खुद ब्याज आम्दानी	१३,४५७	१५,४४२	३१,२६२	८२,५००	९४,८७५	१११,९५३	१३४,३४३
३. कमिशन तथा डिस्काउण्ट	५६९,०८७	६७८,२४३	७९३,१४७	९१७,५००	१,०२७,६००	१,१८१,७४०	१,३९४,४५३
४. अन्य संचालन आम्दानी	१२,५६६	१९,७९६	१२,३९८	१५,०००	१६,५००	१८,१५०	२०,३२८
५. सटही घटबढ आम्दानी	-	-	-	-	-	-	-
कुल संचालन आम्दानी	५८१,६५२	६९८,०३८	८०५,५४६	९३२,५००	१,०४४,१००	१,१९९,८९०	१,४१४,७८१
६. कर्मचारी खर्च	२४,७७८	११८,४२६	१२९,२१८	१४८,५००	१६३,३५०	१७९,६८५	२०१,२४७
७. अन्य संचालनखर्च	१३०,६५०	५०,७०४	५०,१३३	७८,५००	८६,३५०	९४,९८५	१०६,३८३
८. ह्रास कट्टी खर्च	८,३९५	१६,०९९	१८,०११	१९,५००	२१,४५०	२३,५९५	२६,४२६
सम्भावित नोक्सानी ब्यवस्था अधिको संचालन मुनाफा	४३१,२८५	५२८,२५१	६३९,४४५	७६८,५००	८६७,८२५	१,०१३,५७८	१,२१५,०६७
९. सम्भावित नोक्सानी व्यवस्था	-	-	-	-	-	-	-
संचालन मुनाफा/(नोक्सान)	४३१,२८५	५२८,२५१	६३९,४४५	७६८,५००	८६७,८२५	१,०१३,५७८	१,२१५,०६७
१०. गैर संचालन आम्दानी/(नोक्सान)	-	-	-	-	-	-	-
११. सम्भावित नोक्सानी ब्यवस्थाबाट फिर्ता	-	१७८	६,४९२	-	-	-	-
नियमित कारोवारबाट भएको मुनाफा	४३१,२८५	५२८,४२९	६४५,९३८	७६८,५००	८६७,८२५	१,०१३,५७८	१,२१५,०६७
१२. असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च)	-	-	-	-	-	-	-
सम्पूर्ण कारोवार समावेश पछिको खुदनाफा	४३१,२८५	५२८,४२९	६४५,९३८	७६८,५००	८६७,८२५	१,०१३,५७८	१,२१५,०६७
१३. कर्मचारी बोनस व्यवस्था	३१,९४७	३९,८२०	३०,७५९	४५,०००	४९,५००	५४,४५०	६०,९८४
१४. आयकर ब्यबस्था	-	-	-	-	-	-	-
यस वर्षको	१०३,०४५	१३८,३४६	१५५,३३७	१८०,९००	१९८,९९०	२१८,८८९	२४५,१५६
गत वर्षको	६,८६९	-	-	-	-	-	-
पर सारिएको आयकर आम्दानी/(खर्च)	(२,९६९)	(८,१३४)	(२,४४३)	-	-	-	-
खुद मुनाफा/(नोक्सान)	२९२,३९३	३५८,३९७	४६२,२८४	५४२,६००	६१९,३३५	७४०,२३९	९०८,९२८
शेयर संख्या (हजारमा)	६,०७५	९,०३१	११,०२४	१७,७६७	३०,०००	३३,०००	३६,३००
प्रति शेयर आम्दानी (रु.)	४८.१३	३९.६८	४१.९४	३०.५४	२०.६४	२२.४३	२५.०४

नेटवर्थ सम्बन्धी विवरण

सम्पत्ति	वास्तविक (रु. हजारमा)			*अपरिष्कृत	प्रक्षेपित (रु. हजारमा)		
	आ.ब.२०७३/०७४	आ.ब.२०७४/०७५	आ.ब.२०७५/०७६	आ.ब.२०७६/०७७	आ.ब.२०७७/०७८	आ.ब.२०७८/०७९	आ.ब.२०७९/०८०
चुक्ता पुँजी	६०७,५००	९०३,१२३	१,२६७,८६५	१,७७६,६६७	३,०००,०००	३,३००,०००	३,६३०,०००
बोनस शेयर निष्कासन	२९५,६२३	१९९,२२९	५३८,३८९	-	-	-	-
जगेडा तथाकोषहरु	१,६५९,७८१	१,६०८,८३१	१,७६८,००२	२,३१०,६०२	३,२२९,९३७	४,३००,१७५	५,५७२,१०३
कुल	२,२६७,२८१	२,५११,९५४	३,०३५,८६७	४,०८७,२६९	६,२२९,९३७	७,६००,१७५	९,२०२,१०३
घटाउने : अपलेखन गर्न बाँकी खर्च	-	-	-	-	-	-	-
कुल नेटवर्थ	२,२६७,२८१	२,५११,९५४	३,०३५,८६७	४,०८७,२६९	६,२२९,९३७	७,६००,१७५	९,२०२,१०३
शेयर संख्या (हजारमा)	६,०७५	९,०३१	११,०२४	१७,७६७	३०,०००	३३,०००	३६,३००
प्रति शेयर नेटवर्थ (रु.)	३७३.२१	२७८.१४	२७५.४०	२३०.०५	२०७.६६	२३०.३१	२५३.५०
प्रति शेयर चुक्ता पुँजी	१००.००	१००.००	१००.००	१००.००	१००.००	१००.००	१००.००
नेटवर्थमा औसत प्रतिफल	१२.९०%	१४.२७%	१५.२३%	१३.२८%	९.९४%	९.७४%	९.८८%
निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा				२६.३९%			

*आ.ब.२०७६/७७ को वित्तीय विवरण व्यवस्थापनबाट प्रमाणित गरिएको छ।

द्रष्टब्यः माथि उल्लेखित आर्थिक तथा वित्तीय प्रक्षेपण र विश्लेषण विगत वर्षको कारोबारहरुको आधारमा निष्काशनकर्ता कोष आफैले तयार पारेको हो। उक्त प्रक्षेपित वित्तीय विवरणहरु यथार्थपरक भएको व्यहोरा प्रमाणित गर्ने विशेषज्ञमा चार्टर्ड एकाउण्टेण्ट संस्था बिदुर एसोसिएट्स कं.का चार्टर्ड एकाउण्टेण्ट बिदुर लुइटेल रहेको छ।

१४. संगठित संस्थाले गर्ने भएको काममा नीहित सम्भावित आर्थिक जोखिमहरु :

(क) नयाँ लगानीका अवसरहरु प्राप्त नहुंदा कोषमा भएको रकमको उचित प्रतिफलमा लगानी हुन नसक्ने जोखिमहरु।
(ख) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु।
(ग) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु।
(घ) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु।
(ङ) निक्षेपको व्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु।
(छ) पुँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु।
(ज) अन्तर्राष्ट्रिय बजारमा घट्ने आकस्मिक घटना तथा मन्दीबाट नेपाली बजारमा पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु।
(झ) देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने पुँजीबजारमा आउन सक्ने सम्भावित जोखिमहरु।
(ञ) विश्वब्यापि रुपमा फैलिएको कोभिड-१९ महामारीबाट समग्र अर्थतन्त्रमा परेको प्रभावसंगै कोषको बचत परिचालन र लगानीमा पर्न सक्ने जोखिमहरु।
(ट) देशको बैदेशिक नीतिमा हुन सक्ने परिवर्तन तथा बैदेशिक मुद्राको विनिमय दरमा घट्बढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु। क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिमहरु न्यूनीकरण गर्नका लागि जनशक्ति विकासमा ध्यान पुऱ्याउनुको साथै अन्य व्यवसायिक जोखिमहरुबाट सिर्जना हुनसक्ने हानी-नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी-नोक्सानी कम गर्न सक्षम र प्रतिबद्ध छ। त्यस्तै, अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवम् समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने कोषको नीति रहेको व्यहोरा जानकारी गराउँछौं।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न कोषले निम्न उपायहरु अवलम्वन गर्दै आइरहेको छ।
(क) आफ्नो सेवालाई अझ प्रतिस्पर्धी बनाई लगानीमुखी सेवाहरु प्रदान गर्नेछ।
(ख) मध्यकालीन तथा दीर्घकालीन लगानीमा उत्पन्न हुने जोखिम कम गर्नका लागि कोषले प्रभावकारी नीति अवलम्वन गरेकोछ।
(ग) त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसार आधुनिक प्रविधि अपनाउने, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवं समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने कोषको नीति रहेको छ।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम :

रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोबार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ।

१५. हकप्रद साधारण शेयर खरिद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने केहि मुख्य कुराहरु :

(१) हकप्रद शेयर खरिद गर्नका लागि हकप्रद शेयरको निष्काशन पूर्व कोषले सार्वजनिक सूचना मार्फत् जानकारी गराएको मिति सम्ममा शेयर खरीद गरी कायम भएका साविक शेयरधनीहरुले मात्र हकप्रद शेयर खरीद गर्न आवेदन दिन पाउने छन्।
(२) हकप्रद शेयर खरीद गर्नका लागि आवेदन दिंदा आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले लिन चाहेको हकप्रद शेयर संख्या समेत खोली कोषद्वारा तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ।
(३) आवेदन फाराम अंग्रेजी तथा नेपाली दुवै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ।
(४) हकप्रद शेयरका लागि आवेदन दिंदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/- का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रहरु वा निष्काशन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी आवेदन दिनु पर्नेछ।
(५) संयुक्त नाममा रहेका साविक शेयरधनीहरुले आवेदन दिंदा संयुक्त रुपमा नै हकप्रद शेयर खरीदका लागि दरखास्त दिनु पर्नेछ।
(६) हकप्रद शेयर बाँडफाँट गर्दा जुन समूहको शेयरधनी हो, सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ।
(७) तोकिएको समयभित्र हकप्रद शेयर खरीदका लागि आवेदन पेश नगर्ने तथा दरखास्त साथ शेयर वापतको रकम दाखिल नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै किसिमको दावी गर्न पाउने छैन।
(८) हकप्रद शेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा कोषको संचालक समितिले गरेको निर्णय अन्तिम हुनेछ।
(९) यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर प्राप्त गर्ने डिम्याट खाता (DMAT Account/BOID No.) भएका आवेदकहरुलाई नीजहरुले चाहेको खण्डमा धितोपत्रको प्रमाणपत्र अभौतिक रुपमा समेत उपलब्ध गराउने ब्यवस्था गरिने हुँदा नीजहरुले शेयर खरीदका लागि आवेदन दिंदा आफ्नो डिम्याट खाता (DMAT Account/BOID No.) समेत आवेदन फाराममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ। साथै, कुनै पनि शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा शेयर कायम रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा त्यस्ता शेयरधनीको शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ। आवेदकहरुले C-ASBA मार्फत Meroshare बाट समेत हकप्रद शेयरको आवेदन दिन सकिने व्यवस्था मिलाईने छ। तर, भौतिक रुपमा रहेको शेयरका लागि भने मेरो शेयर वा C-ASBA प्रणलीबाट आवेदन दिन मिल्ने छैन।

१६. यस कोषको विगत तीन आर्थिक बर्ष तथा पछिल्लो तीन महिनामा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको शेयर कारोबारको विवरण :

आर्थिक बर्ष	अधिकतम शेयर मूल्य (रू.)	न्युनतम शेयर मूल्य (रू.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या (हजारमा)
०७३/०७४	५,३५७।-	२,८५०।-	३,८८०।-	६०२.४३
०७४/०७५	४,८५७।-	३,०५१।-	३,५६५।-	२४२.५८
०७५/०७६	२,९४८।-	१,५७७ ।-	२,४२९।-	५९२.६०

महिना	अधिकतम शेयर मूल्य (रु.)	न्युनतम शेयर मूल्य (रु.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या (हजारमा)
२०७७ भाद्र	३७००।-	२८५०।-	३४००।-	४६४.५९
२०७७ आश्विन	३६५४।-	३३९१।-	३४६५।-	१७८.२७
२०७७ कात्तिक	४६७५।-	३४३०।-	४४६०।-	२०४.८७

द्रष्टब्यः यस कम्पनीको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मूल्यसूचीबाट प्राप्त गर्न सकिनेछ।

१७. शेयर बाँडफाँट सम्बन्धी ब्यवस्था :

स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ बमोजिम बढिमा १५ दिन भित्र हकप्रद शेयरको बाँडफाँट गरी बाँडफाँट भएको सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ। साथै, नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकरण भए पश्चात् सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गरी बाँडफाँट भएको हकप्रद शेयर भौतिक प्रमाणपत्ररहित गरी विद्युतीय रूपमा शेयरधनीको डिम्याट खातामा जम्मा गरी खरीद बिक्रीको व्यवस्था मिलाइनेछ।

१८. शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :

स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा ६ मा उल्लेख भए अनुसार नेपाल धितोपत्र बोर्डबाट धितोपत्र निष्काशनको लागि स्वीकृत भएको ७ (सात) कार्य दिन भित्र धितोपत्र सूचीकरण तथा अभौतिकीकरणका लागि नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लि.मा निवेदन दिइनेछ।

१९. आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :

साविकका शेयरधनीले देहायको अवस्थामा अन्य कुनै ब्यक्तिले खरीद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधि भित्र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को अनुसूची-११ को ढाँचामा निवेदन दिई आफ्नो हक अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न सकिनेछ।
(क) हकप्रद शेयर खरीद गर्ने हक अन्य कुनै ब्यक्तिलाई हस्तान्तरण गर्ने सम्बन्धी ब्यबस्था सम्बन्धित संगठीत संस्थाको प्रबन्धपत्र वा नियमावलीमा भएको,
(ख) मनोनयनभै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने ब्यबस्था नियम १७ को उपनियम ४ बमोजिम प्रकाशित विवरणमा ब्यवस्था गरिएको,
(ग) कम्पनीको ऐन, नियमावलीमा भएको व्यवस्था तथा सम्बन्धित नियमनकर्ताले स्वामित्व सीमा तोकेकोमा त्यस्तो सीमा भित्र रहेको, पहिले लिएको वा पछि ग्रहण गरिने शेयर समेत कूल शेयर संख्या सो सीमा ननाघ्ने गरी मात्र मनोनित हुनेले शेयरका लागि आवेदन गर्न सकिने,
(घ) संगठीत संस्थाको ऐन र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा सञ्चालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गरिएको,
(ङ) प्रचलित कानून अनुरुप मनोनित हुने व्यक्ति वा संस्था कालो सूचीमा नरहेको तथा अयोग्य समेत नभएको,
(च) मनोनयन गरिने ब्यक्ति प्रचलित कानून बमोजिम त्यस्तो संस्थाको शेयर खरीद गर्न अयोग्य नभएको,
(छ) हक हस्तान्तरण आंशिक वा पुरैको लागि निवेदन दिंदा निवेदनका साथ हक हस्तान्तरण गरी लिइने हकप्रद शेयरको चुक्ता रकमको १ प्रतिशत रकमले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनीले बुझाएको शुल्क समेत समावेश गर्नु पर्नेछ।
(ज) हक हस्तान्तरणको लागि मनोनयन गर्दा एक ब्यक्तिलाई मात्र मनोनयन गर्नु पर्नेछ।
(झ) शेयरवालाले आफ्नो हकको हकप्रद शेयर अन्य ब्यक्तिलाई मनोनयन गरी हस्तान्तरण गरेमा त्यस्तो शेयरवालाले सोही संगठीत संस्थाको अरु शेयरवालाको हकप्रद शेयर खरिद पाउने छैन।

हक हस्तान्तरण सम्बन्धमा उपरोक्त व्यवस्थाको अलवा संस्थापक तथा अन्य शेयरधनीहरुले निम्नानुसारका थप प्रचलित व्यवस्थाहरु पालना गर्नु पर्नेछ।
(क) चुक्ता पुँजीको २ प्रतिशत वा सोभन्दा कम शेयर लिएका संस्थापक शेयरधनीको हकमा कोषलेनियामक निकायले तोकेको शर्तको अधिनमा रही (Fit and Proper Test) पुरा गरेका व्यक्तिलाई नेपाल सरकारबाट जारी निर्देशन तथा धितोपत्र सम्बन्धी अन्य प्रचलित नियम कानून अन्तर्गत रही हक हस्तान्तरण गर्न सक्नेछन भने २ प्रतिशत् भन्दा माथि शेयर स्वामित्व भएकाको हकमा नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र हक हस्तान्तरण गर्न सक्नेछ।
(ख) उपरोक्त व्यवस्थामा जुनसुकै कुरा लेखिएको भएतापनि कोषको सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, कानुनी सल्लाहकार, कम्पनी सचिव वा कोषको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहँदाका बखत वा त्यस्तो पद छाडेको कम्तीमा एक वर्षसम्म सम्बन्धित कोषको हकप्रद शेयर उल्लेखित व्यक्तिहरुबीच एकापसमा हक हस्तान्तरण गर्न वा हक हस्तान्तरण स्वीकार गर्न हुँदैन।
(ग) कोषको संस्थापक शेयरधनीहरुमध्ये कर्जा सूचना केन्द्रको कालोसूचीमा सूचीकृत भई रहेका संस्थापक शेयरधनीले हकप्रद शेयर खरिद गर्न पाउने छैनन्।

२०. हकप्रद शेयर जारी गर्नुको उद्देश्य :

(१) शेयर पुँजी बृद्धि गर्न,
(२) कम्पनी मजबुत बनाउन,
(३) लगानीको क्षेत्र बढाउन,
(४) देशको आर्थिक क्षेत्रमा विकास गर्न।

२१. निष्काशनबाट प्राप्त कुल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :

"हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार हकप्रद शेयर जारी गरी प्राप्त हुने पुँजी कम्पनीबाट देहाय बमोजिम उपयोग गरिने योजना रहेकोछ।

क्र.सं.	विवरण	रकम (रु.)
१.	कर्जा तथा लगानी प्रवाह	१.३४ अर्ब
२.	शाखा विस्तार	२ करोड
३.	सरकारी ऋणपत्र	८ करोड
	जम्मा	१,३५,९२,५९,२००/-

२२. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी ब्यवस्था :

यस हकप्रद साधारण शेयर निष्काशनको लागि देहाय बमोजिमका बैंकलाई निष्काशन बैंकको रुपमा नियुक्त गरिएको छ :

सि.नं.	निष्काशन बैंकको नाम, ठेगाना	खाता नं.
१.	राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, टेकु, काठमाण्डौ।	१७००१००००२३८१००१

उपरोक्त निष्काशन बैंकमा दरखास्त फाराम वितरण गर्ने तथा बुझिलिने ब्यवस्था गरिएको छैन।

२३. हकप्रद शेयर बिक्री खुल्ला अवधि :

हकप्रद शेयर निष्काशन गर्दा हकप्रद शेयरका लागि आवेदन लिने कार्य कम्तीमा एक्काइस दिनका लागि खुल्ला राखिनेछ। उक्त अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा संगठित संस्थाले सूचना प्रकाशन गरी बढीमा थप पन्ध्र दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सक्नेछ र त्यस्तो सूचना प्रकाशन गर्नु अगावै सोको जानकारी बोर्डलाई दिइनेछ।

२४. हकप्रद शेयर खरिदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :

१.	श्री आरविवि मर्चेण्ट बैकिङ्ग लिमिटेड, टेकु, काठमाण्डौ।
२.	श्री राष्ट्रिय वाणिज्य बैंक लिमिटेड शाखा कार्यालयहरुः पर्सा; विरगञ्ज-आर्दशनगर, धनुषा; जनकपुर-भानुचोक, चितवन; भरतपुर-पुलचोक, काभ्रे; बनेपा, वाग्लुङ्ग; धौलागीरी चोक, रुपन्देही; बुटवल-ट्राफीकचोक, बाँके; नेपालगञ्ज-धम्बोजी, सुर्खेत; वीरेन्द्रनगर-तल्लोबजार, कैलाली; धनगढी-चौराहा, मकवानपुर; हेटौडा-मेनरोड, झापा; विर्तामोड-अदुवाखोला
३.	*श्री नागरिक लगानी कोष, नयाँबानेश्वर, काठमाण्डौ तथा शाखा कार्यालयहरुः मोरङ-विराटनगर र कास्की-पोखरा।
४.	नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त आस्वा सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु।

*उपरोक्त संकलन केन्द्रमा A/C Payee चेक बुझिलिने व्यवस्था गरिएको छ।

उपरोक्त स्थानहरुको अलावा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकद्वारा अन्य माध्यम मार्फत् सूचित गरिने संकलन केन्द्रको रुपमा कार्य गर्ने गरी नियुक्त संकलन केन्द्रहरुबाट आवेदन फाराम तथा "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यवस्था तथा विवरणहरु" प्राप्त गर्न र आवेदन फाराम साथ शेयर रकम जम्मा गर्ने व्यवस्था गरिनेछ। हकप्रद निष्काशनको क्रममा ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मितिसम्ममा आरविवि मर्चेण्ट बैकिङ्ग लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी (A/c Payee) ड्राफ्टका साथ शेयरको दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी आरविवि मर्चेण्ट बैकिङ्ग लिमिटेड, टेकु, काठमाण्डौमा पठाएको निवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ। शेयर बिक्री बन्द भएको ७ (सात) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई बाँडफाँटमा समावेश गरिने छैन। हकप्रद शेयर खरीदका लागि दरखास्त फाराम धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री आरविवि मर्चेण्ट बैकिङ्ग लिमिटेडको वेवसाइट www.rbbmbl.com.np तथा निष्काशनकर्ता नागरिक लगानी कोषको वेवसाइट www.nlk.org.np बाट समेत डाउनलोड गरी भरेर पठाउन सकिनेछ र शेयरधनीहरुले आफ्नो हक सम्बन्धी विवरण निष्काशनकर्ता कम्पनी नागरिक लगानी कोष को वेवसाइट www.nlk.org.np तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट www.rbbmbl.com.np बाट हेर्न सकिनेछ।

२५. क्रेडिट रेटिङ्ग सम्बन्धी ब्यवस्था :

स्वीकृत "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यवस्था तथा विवरणहरु" अनुसार निष्काशन गरिने हकप्रद साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको ब्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौबाट क्रेडिट रेटिङ्ग गराई "[ICRANP-IR] A+" (pronounced as ICRA NP issuer rating single A Plus)" प्रमाणपत्र प्राप्त गरेको छ। Issuers with this rating are considered to have adequate degree of safety regarding timely servicing of financial obligations. Such issuers carry low credit risk. उक्त क्रेडिट रेटिङ्ग प्राप्त कोषलाई समयमा वित्तीय दायित्व पुरा गर्ने सम्बन्धमा पर्याप्त मात्रामा सुरक्षित तरीका अपनाएको तथा कर्जा जोखिम न्यून रहेको कोषको रुपमा लिईन्छ।
क्रेडिट रेटिङ्ग प्रदान गरेको मिति : २०७७/०७/२८
क्रेडिट रेटिङ्ग बाहल रहने मिति : २०७८/०७/२७

२६. संचालक तथा आधाभुत शेयरधनीहरुले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :

यस कम्पनीको संचालक तथा आधारभुत शेयरधनीहरुले हकप्रद शेयर वापत शत् प्रतिशत रकम भुक्तानी गरिएको व्यहोरा अवगत गराउंदछौं।

यस हकप्रद शेयर निष्काशन सम्बन्धमा कुनै लगानीकर्ताहरुको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक आरविवि मर्चेण्ट बैंकिङ्ग लिमिटेड, टेकु, काठमाण्डौमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ।

दरखास्त फारामको नमूना

हकप्रद शेयरको बिक्री खुल्ला अवधि :
निष्कासन खुल्ला मिति : २०७७/०९/२८ गते
निष्कासन बन्द हुने मिति : २०७७/१०/१९ गते (बैकिङ्ग समय पश्चात्)

नागरिक लगानी कोष
Citizen Investment Trust
("संघीय संसदबाट पारित भए बमोजिम काम कारोबार गर्ने गरी इजाजत प्राप्त संस्था")
केन्द्रीय कार्यालयः नयाँबानेश्वर, काठमाण्डौ, पो.ब.नं. ५८२३
फोन नं.: ०१४७८५३१९, ४७८५३२१, ४७८५३२५, फ्याक्स नं.: ९७७-१-४७८४९४५
इमेलः cit.cmkt@gmail.com, वेबसाइटः :www.nlk.org.np

कार्यालय प्रयोजनको लागि	
शेयरको विवरण	कित्ता
भौतिक	
अभौतिक	
जम्मा कित्ता	

को

हकप्रद शेयर खरीद दरखास्त फाराम

सि.नं.

मार्फतः आरविवि मर्चेन्ट बैंकिङ लिमिटेड
पोष्ट बक्स नं. ६६३, टेकु, काठमाण्डौ, नेपाल
फोनः ५३४३२६५, ५३४०९३२, ५३४०९३३, फ्याक्सः ५३४५०१८
E-mail: rbbmbl@rbbmbl.com.np

कोड नं. ☐☐☐

श्री संचालक समिति,
नागरिक लगानी कोष
नयाँबानेश्वर, काठमाडौं, नेपाल।

हितग्राही खाता नं. DP ID ☐☐☐☐☐☐☐☐
CLIENT ID ☐☐☐☐☐☐☐☐

महाशय,

शेयरधनी नं. ☐

त्यस कोषबाट प्रकाशित "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार मिति २०७७/०९/१३ गतेका दिनसम्म मेरो/हाम्रो नाममा त्यस कोषको जम्मा (भौतिक/अभौतिक) .... कित्ता शेयर कायम रहेको र सो शेयरको शत्प्रतिशत रकम चुक्ता भुक्तान भैसकेको हुँदा कोषले जारी गरेको एक शेयर बराबर नयाँ ०.८२८४ शेयर (१ : ०.८२८४) को अनुपातमा .... कित्ता शेयर खरीद गर्ने हक मेरो/हाम्रो रहेकोमा .... कित्ता तथा हक हस्तान्तरण भै आएको (भौतिक/अभौतिक) .... कित्ता गरि जम्मा .... कित्ता हकप्रद शेयर खरीद गर्न इच्छा भएकोले यो निवेदन पेश गरेको छु/छौं। त्यस कोषको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं।

विवरण	भौतिक कित्ता (प्रमाण-पत्र रहेको हकमा)	अभौतिक कित्ता (हितग्राही खातामा रहेको हकमा)	जम्मा शेयर कित्ता
साविक कायम रहेको शेयर कित्ता			
लिन चाहेको हकप्रद शेयर कित्ता			
हकहस्तान्तरणबाट प्राप्त भएको हक बराबर लिन चाहेको शेयर कित्ता			
जम्मा लिन चाहेको हकप्रद शेयर कित्ता			
हक हस्तान्तरण गरिदिने शेयरधनीको शेयरधनी नं./हितग्राही नं.	DP ID	Client ID	शेयरधनी नं.
प्रति शेयर रु.१००/- ले बुझाएको रकम	रु.	अक्षरमा	

Sources of Fund (For Rs. One million and above as per AML/CFT, Direction, 2076 issued by SEBON)
आयको स्रोत (रु. दश लाख र सो भन्दा बढीको लागि बोर्डबाट जारी सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन, २०७६ अनुसार)
ब्यापार (Business) ☐ सम्पत्ति बिक्री (Sale of Assets) ☐ कर्जा (Loan) ☐ अन्य उल्लेख गर्नुहोस (Other, Please Specify) ☐

दरखास्त बुझाएको मिति	२०७७/ /	रसिद/भौचर नं.	
चेक खिचिएको बैंकको नाम		चेक नं.	
रकम बुझाएको बैंक/कम्पनीको नाम		ठेगाना	

निवेदकको पूरा नाम	नेपालीमा	श्री/श्रीमती/सुश्री/नाबालक	
	In English	Mr./Mrs./Miss/Minor	USE CAPITAL LETTER

ठेगाना	घर नं./वडा नं.		टोल		गा.पा./न.पा.		जिल्ला
Address	House No./Ward no		Tole		VDC/Municipality		District
सम्पर्क ठेगाना							
PAN No.		Phone No.		Mobile No.			
ना.प्र.प.नं./जारी स्थान		Email ID					
बाबुको नाम							
Father's Name							
बाजेको नाम							
Grand Father's Name							
पति/पत्नीको नाम							
संरक्षकको नाम (नाबालकको हकमा)							
Guardian's Name (Incase of minor)							

I hereby declared that source of this transaction is not from money laundering, terrorist financing, drug addiction, human trafficking or any other illegal activities. यो जम्मा गरिएको रकम मुद्रा निर्मलीकरण, लागु पदार्थको कारोवार, मानव बेचबिखन र संगठित अपराध लगायतका अबैध स्रोतबाट आर्जन भएको होईन भन्ने घोषणा गर्दछु। यस हकप्रद निष्काशनको लागि तयार गरेको "हकप्रद शेयर निष्काशन सम्वन्धी व्यवस्था र विवरणहरु" पढी आफ्नो स्वःविवेकले दरखास्त दिएको हो।

द्रष्टब्यः
१. साविक शेयरधनीले आफ्नो शेयरधनी परिचय नं./हितग्राही खाता नं. अनिवार्य रुपले उल्लेख गर्नुपर्नेछ।
२. DEMAT भएमा शेयरधनीले अनिवार्य रुपमा DP ID/Client ID दुवै उल्लेख गर्नुपर्नेछ।
३. रित पुर्वक नभरिएको दरखास्त फाराम हकप्रद शेयर बाँडफाँटमा समावेश गरिने छैन साथै चेक भुक्तान नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ।
४. यस दरखास्त फाराममा माग गरिएका सम्पूर्ण विवरणहरु पूर्ण रुपले नेपाली तथा अंग्रेजी दुवै भाषामा भर्नु पर्नेछ।

यस दरखास्त फाराममा भरेको विवरणहरु पूर्ण रुपमा ठीक साँचो हो। यस्मा कुनै फरक भएमा म निवेदक स्वयं जिम्मेवार हुनेछु।

निवेदकको दस्तखत
(नाबालकको हकमा अभिभावकको दस्तखत)

यो रसिद हराई अर्काले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ

मार्फतः आरविवि मर्चेन्ट बैंकिङ लिमिटेड
पोष्ट बक्स नं. ६६३, टेकु, काठमाण्डौ, नेपाल
फोनः ५३४३२६५, ५३४०९३२, ५३४०९३३, फ्याक्सः ५३४५०१८
E-mail: rbbmbl@rbbmbl.com.np

हकप्रद शेयर खरीद रसिद
दरखास्तवालाले भर्नुपर्ने

सि.नं.

शेयरधनी नं./परिचय नं. ☐

DP ID ☐☐☐☐☐☐☐☐
CLIENT ID ☐☐☐☐☐☐☐☐

Applicant's Name					
Company's Name	Citizen Investment Trust				
No. of Shares Applied		Call Money per Share	Rs.100	Amount Deposited	
Amount in Words					

निवेदकको दस्तखत
(नाबालकको हकमा अभिभावकको दस्तखत)

For Official Use Only:
चेक भुक्तान नभएमा दरखास्त फारम स्वतः रद्द हुनेछ।
Received by: **Shareholder No.** ☐
Date: **Stamp** **Code No.** ☐☐☐

बाँडफाँडमा नपरेको हकप्रद साधारण शेयरको रकम फिर्ता भुक्तानी लिन यो रसिद अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड
RBB MERCHANT BANKING LIMITED

आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड
पोष्ट बक्स नं. ६६३, टेकु, काठमाण्डौ, नेपाल, फोनः ५३४३२६५, ५३४०९३२, ५३४०९३३, फ्याक्सः ५३४५०१८
E-mail: rbbmbl@rbbmbl.com.np, www.rbbmbl.com.np